तिलोत्तमा नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड २) तिलोत्तमा, पौष महिना १२ गते २०७५ साल (अतिरिक्ताङ्क २७**


**भाग : २**

**तिलोत्तमा नगरपालिका**

तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सम्वत् २०७५ सालको कार्यविधि नं. १८

## कार्यविधिको नाम : "तिलोत्तमा नगरपालिका मार्फत संचालन गरिने पुष्प खेती अनुदान कार्यक्रम कार्यनवयन कार्यविधि, २०७५"

<u>**प्रस्तावना :**</u> प्राचिन कालदेखि नै धार्मिक तथा साँस्कृतिक कार्यका लागि फूलको उत्पादन तथा प्रयोग हुँदै आएकोमा अहिलेको समयमा सामाजिक तथा आत्मिय सम्बन्ध सुदृढ बनाउने माध्यमका रूपमा समेत फूलको प्रयोग हुन गई पुष्प खेतीले व्यावसायिक स्वरूप ग्रहण गर्दै आएको पाउँछौ । पछिल्लो समयमा फूल खेतीमा कृषकहरुको आकर्षण बढीरहेको छ । तुलनात्मक रूपमा पुष्प व्यवसायबाट अन्य व्यवसायमा भन्दा बढी आय आर्जन गर्न सकिन्छ । पुष्प खेती व्यवसायबाट कृषकहरुको आय आर्जन हुनुको साथै बिदेशबाट हुँदै आएको पुष्प र पुष्पजन्य बिरुवाको आयातलाई प्रतिस्थापन गरी नगरपालिकालाई पुष्पमा आत्मनिर्भर बनाउन वाञ्छनीय भएकोले तिलोत्तमा नगरपालिकाले यो कार्यविधि स्वीकृत गरेको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

क) यो कार्यविधिको नाम "**तिलोत्तमा नगरपालिका मार्फत संचालन हुने पष्प खेति अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५"** रहनेछ ।

ख) यो कार्यविधि नगरकार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखि तिलोत्तमा नगरपालिका क्षेत्रभर लागू हुनेछ ।

३. <u>परिभाषाः</u> बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **"अनुदान"** भन्नाले पुष्प खेतिको लागि आवश्यक पर्ने लागतमा हुने सहुलियत भन्ने सम्झनु पर्छ ।

ख) **"आयोजना"** भन्नाले पुष्प खेती कार्यक्रमको लागि कृषकहरुबाट प्राप्त योजना सम्झनु पर्छ ।

ग) **"कार्यबिधि"** भन्नाले "**तिलोत्तमा नगरपालिका मार्फत संचालन हुने पष्प खेति अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५"** सम्झनु पर्छ ।

घ) **"कार्यालय"** भन्नाले तिलोत्तमा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, रुपन्देही सम्झनु पर्छ ।

ङ) **"कृषि शाखा"** भन्नाले तिलोत्तमा नगरपालिकाको कृषि विकास शाखा सम्झनु पर्छ ।

च) **"पुष्प खेती कार्यक्रम"** भन्नाले फूल तथा आलंकारिक बोट विरूवा उत्पादन, कट फ्लावर उत्पादन, बल्ब, राईजोम तथा ट्युवर उत्पादन, लुज फ्लावर उत्पादन र गार्डेन दुबो उत्पादन गर्ने जस्ता कृयाकलापहरु जनाउँदछ ।

छ) **"बैठक"** भन्नाले तिलोत्तमा नगरकार्यपालिकाको बैठक भन्ने सम्झनु पर्छ ।

ज) **"समिति"** भन्नाले यस कार्यालयमा गठन भएको लाभग्राही छनौट सामिति तथा अनुगमन, निरीक्षण तथा मूल्याङ्कन समिति सम्झनु पर्छ ।

झ) **"स्थानीय संचार माध्यम"** भन्नाले तिलोत्तमा नगरपालिका भित्र संचालनमा रहेका प्रमुख पत्र पत्रिका, रेडियो, टेलिभिजन आदि सम्झनु पर्छ ।

४. **उद्देश्य :** यस अनुदानको प्रमुख उद्देश्यहरू देहायअनुसार रहेका छन्ः-

क) व्यवसायिक पुष्प खेतीको माध्यमबाट नगरको अर्थतन्त्रमा योगदान पुर्याउने ।

ख) फूलमा नगरपालिकालाई आत्मनिर्भर बनाउने ।

ग) व्यवसायिक पुष्प खेती गर्ने कृषक/कृषक समूह/कृषक सहकारीलाई प्रोत्साहन गर्ने ।

घ) पुष्प खेतीमा आधारित रोजगारी सृजना गर्ने ।

ङ) नगरपालिकामा फूलको माग पूर्ती गरि आत्मनिर्भर बन्दै आयात प्रतिस्थापन एवं निर्यात प्रवर्द्धन गर्ने ।

च) पुष्पखेतीको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र अध्ययन तथा अनुसन्धान गर्ने ।

## परिच्छेद २

## कार्यक्रम संचालन

**प्रस्ताव आव्हान गर्नेः**

क) नगरपालिका मार्फत संचालन गरिने पुष्प खेती कार्यक्रमका लागि नगरबासी कृषक, कृषक समूह, कृषक सहकारी, उपभोक्ता समिति आदि मार्फत कम्तिमा १५ दिनको म्याद राखि कृषि शाखा मार्फत कार्यक्रम प्रस्ताव माग गर्न सूचना प्रकाशन गरिनेछ ।

ख) सूचना स्थानीय संचार माध्यमहरुमा प्रकाशन र प्रशारणको लागि पठाउनुपर्नेछ साथै वडा कार्यालयहरुको सूचना पाटिमा समेत टाँस गरिनेछ । कार्यालयको वेव पेजमा समेत सूचना प्रविष्ट गरिनेछ ।

ग) कार्यालयबाट प्रस्ताव माग गर्दा अनुसूची (१) बमोजिमको ढाँचामा प्रकाशन गरिनेछ ।

घ) प्रस्ताव माग गर्दा कार्यक्रम अनुसारको आवश्यक न्युनतम क्षेत्रफल तथा अधिकतम अनुदान रकम समेत खुलाई माग गरिनेछ । कार्यक्रमको प्रस्ताव विवरण अनुसूची (२) मा राखिएको छ ।

५. **लाभग्राही छनौटः** देहाय बमोजिमका आधारमा लाभग्राही छनौट हुनेछनः-

क) पुष्प खेतीमा संलग्न भएका वा हुन ईच्छुक कृषक, कृषक समूह, कृषक सहकारी, उपभोक्ता समिति, टोल विकास संस्था आदि ।

ख) कुनै कृषक उद्यमी, कृषक समूह, कृषक सहकारी, उपभोक्ता समिति आदिले लाभग्राहीको रुपमा आयोजनाका लागि छनौट गर्दा उक्त आयोजनाबाट अन्य कृषकहरु समेत लाभान्वित हुने खालका आयोजनालाई प्राथमिकता दिनुपर्नेछ ।

ग) पहिला खेती अनुभव भएका कृषकहरुलाई बिशेष प्राथमिकता दिईनेछ । नीजि कृषक वा उद्यमीलाई भन्दा सामूहिक रुपमा खेती गर्ने संस्थाहरुलाई अनुदानमा प्रोत्सहान गरिनेछ ।

घ) कुनै सार्वजनिक पद धारणा गरेका व्यक्ति तथा व्यक्तित्वहरुलाई मुख्य लाभग्राही मानिने छैन । तर नीज कृषक नै भएको अवस्थामा परिवारका अन्य सदस्यहरुले आयोजनामा सहभागी हुन पाउन कुनै बाधा हुनेछैन ।

ङ) समूहको हकमा न्युनतम दश कठ्ठा क्षेत्रमा पुष्प खेती भएको हुनुपर्नेछ भने नीजि स्तरमा संचालन गरिने आयोजनाको लागि न्युनतम तीन कठ्ठामा खेती गरेको हुनुपर्नेछ ।

६. <u>लाभग्राही छनौट समिति गठनः</u>

क) लाभग्राही छनौट गर्न देहाय बमोजिमको छनौट समिति गठन गरिनेछः

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| कृषि क्षेत्र हेर्ने कार्यपालिका सदस्य | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| नगरपालिका स्तरीय खाद्य सुरक्षा समितिको संयोजक | सदस्य |
| समितिले मनोनयन गरेको विज्ञ सदस्य | सदस्य |
| समितिले मनोनयन गरेको एक जना व्यवसायिक कृषक | सदस्य |
| नगरपालिका कृषि शाखा प्रमुख | सदस्य सचिव |

ख) बैठकमा उपस्थित सबैले नियमानुसारको बैठक भत्ता प्राप्त गर्नेछन् ।

ग) छनौट समितिले आफैले प्रमाणित गर्नेगरि मूल्याङ्कन सूचक तथा भार तयार गरि मूल्याङ्कन गर्नेछ ।

घ) छनौट समितिले लाभग्राहीहरुको अन्तिम मूल्याङ्कन गरि अनुमोदनको लागि नगरकार्यपालिकाको बैठकमा सिफारिस साथ पेश गर्नेछ ।

ङ) बैठकबाट अनुमोदन भए पश्चाचात एक हप्ता भित्र सबै लाभग्रहीलाई आयोजनाका लागि छनौट भएको सूचना दिई कार्यक्रम कार्यान्वयन सम्झौताको लागि कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिनेछ।

७. **<u>छनौट समितिको काम, कर्तव्य तथा अधिकार :</u>**

छनौट समितिको देहाय बमोजिमका काम, कर्तव्य तथा अधिकार हुने छन् र

क) म्यादभित्र प्राप्त भएका लाभग्राहीको निवेदनहरु मूल्याङ्कनका लागि अघि बढाउने ।

ख) फिल्ड भेरिफिकेशन गर्नुपर्ने भएमा अनुगमनको लागि योजना बनाउने र भेरिफिकेशनको लागि लाभग्राही समक्ष पुग्ने ।

ग) मूल्याङ्कन सूचकहरु तयार पारी संयोजक मार्फत प्रमाणीत गर्ने ।

घ) प्रतिस्पर्धात्मक हिसावले लाभग्राहीको छनौट गर्ने र कार्यालयबाट प्रदान गर्ने अधिकतम अनुदान रकम तोक्ने ।

ङ) लाभग्राही छनौट पश्चात कस्ता खालका आपूर्तीकर्ता आवश्यक पर्दछन सोको सूची तयारी गर्ने ।

च) सामाग्री उपलब्ध गराउने प्रयोजनको लागि समितिबाट कार्यप्रकृति अनुसारको स्पेशिफिकेशन तयार पारि आपूर्तीकर्ताबाट प्रचलित नियमअनुसारको कोटेशन माग गर्ने ।

छ) अनुदानग्राही तथा आपूर्तीकर्ताको छनौट पश्चात अनुसूची (३) बमोजिमको दुई पक्षीय सम्झौता गर्न सिफारिस गर्ने ।

८. **<u>समूह/सहकारी/समिति मार्फत संचालन गरिने पुष्प खेती कार्यक्रम आयोजना</u>**

क) समूह/सहकारी/समितिहरुलाई पुष्प खेती आयोजनाको योजना तर्जुमा देखि कार्यान्वयन र अनुगमन सम्मका कृयाकलापमा सकृय सहभागी गराउने उद्येश्यले समूह मार्फत समेत आयोजना संचालनको लागि प्रोत्साहन गरिनेछ ।

ख) समूह मार्फत पुष्प खेती आयोजनामा सहभागी हुन न्युनतम दश कठ्ठामा खेती भएको हुनुपर्दछ ।

१०. **<u>अनुदान प्रवाह बिधि</u>**

अनुदान प्रवाह बिधि देहाय बमोजिम हुनेछः-

क) आयोजनामा परेका लाभग्राही तथा उनीहरुले प्राप्त गर्ने अनुदान रकम छनौट समितिले सिफारिस गरि बैठकमा अनुमोदनको लागि पठाउनेछ र

अनुमोदन भएअनुसार सम्बन्धित अनुदानग्राहीले प्राप्त गर्ने अनुदान रकम तोकिनेछ ।

ख) छनौट समितिले छनौट गरि अनुमोदन भएका लाभग्राही कृषक, कृषक समूह, कृषक सहकारी, समिति, संस्था आदिले अनुसूची (३) बमोजिमको सम्झौता अनिवार्य गरेको हुनुपर्दछ र अनुदानको रकम तथा भुक्तानी बिधि सम्झौतामा अनिवार्य रुपमा उल्लेख भएको हुनुपर्नेछ ।

ग) आयोजनाको कूल लागतको कम्तिमा २५ प्रतिशत रकम सम्बन्धित लाभग्राहीले अनिवार्य रुपमा व्यहोर्नुपर्नेछ । यस्तो रकम स्वीकृत बार्षिक बजेटबाट खर्च गर्न सकिनेछ तर श्रमदानमा भएको खर्च कूल लागतमा समावेश गरिने छैन ।

घ) भुक्तानी दुई किस्तामा प्रदान गर्न सकिनेछ । प्रथम किस्ता सम्झौता पश्चात अनुदानग्राहीले सामाग्री खरिदको बील भरपाई पेश गरेपछि हुनेछ भने दोस्रो किस्ता सम्झौता अनुसारको कार्य सम्पन्न पश्चात भुक्तानी हुनेछ ।

ङ) अनुदान रकम प्रवाह गर्दा कार्यक्रम सनतोषजनक रुपमा सम्पन्न भएको प्राबिधिक प्रतिवेदन प्राप्ती पश्चात अनुदानग्राहीलाई सम्झौता बमोजिमको रकम नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक तथा बित्तीय संस्था मार्फत प्रवाह गरिनेछ ।

च) एक लाख भन्दा माथिको पुँजीगत योजनाको लागि बील बिजकको आधारमा बढीमा पाँच प्रतिशत रकम कन्टिन्जेन्सी वापत कट्टा गरि अनुदानग्राहीलाई भुक्तानी दिन सकिनेछ । यस्तो कन्टिन्जेन्सी रकम सूचना प्रकाशन, अनुगमन, मूल्याङ्कन, ईन्जिनियरिङ्ग खर्च, आवश्यक अफिस सामग्री खरिद, बिषय बिशेषज्ञ परामर्श खर्च, बैठक भत्ता, फिल्ड खर्च, ईन्धन खर्च, प्राबिधिक पुस्तक छपाई जस्ता कार्यमा समेत प्रयोग गर्न सकिनेछ । खर्च रकमको बील भरपाई अनिवार्य रुपमा कार्यालयमा पेश गर्नुपर्नेछ ।

छ) आपूर्तीकर्ताबाट कर बिजकको १ दशमलव ५ प्रतिशतका दरले अग्रीम कर भुक्तानीको समयमा अनिवार्य रुपमा कट्टि गरिनेछ ।

**११. अनुगमन तथा निरीक्षणः**

क) कार्यक्रमको चालु अवस्था, यसले पार्न सक्ने सम्भावित असर तथा प्रभावहरुको अवस्थालाई एकीन गर्नका निम्ति अनुगमन, निरीक्षण जस्ता कृयाकलापहरु आवश्यक पर्दछन । नियमित अनुगमनको लागि कार्यालयको कृषि शाखाले जिम्मेबारी लिनेछ ।

ख) संचालित कार्यक्रमको अनुगमन तथा निरीक्षणको लागि देहाय बमोजिमको एक अनुगमन तथा निरीक्षण समिति रहनेछः-

| | |
|---|---|
| नगर उप-प्रमुख | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| कृषि बिज्ञ (नगरपालिकाबाट मनोनित) | सदस्य |
| कृषि शाखा प्रमुख | सदस्य सचिव |

ग) अनुगमन टोलीले अनुगमन पश्चात अनुगमन प्रतिवेदन नगर प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

घ) समितिका पदाधिकारीले बैठक तथा अनुगमन कार्यका लागि नियमानुसार भत्ता प्राप्त गर्नेछन् ।

**१२. कार्यबिधिको परिमार्जनः** यस कार्यबिधिको संशोधन तथा परिमार्जन गर्नुपर्ने भएमा अनुगमन तथा निरीक्षण समितिको सिफारिसमा बैठकबाट गर्न सकिनेछ ।

**१३. प्रचलित कानून लागू हुनेः** यस कार्यबिधिमा भएका बिषयहरु यसै अनुसार र नभएका बिषयहरु प्रचलित कानूनमा व्यवस्था भएबमोजिम हुनेछन् ।

## अनुसूची (१)
## दफा ५ को (ग) सँग सम्बन्धित
## नगरपालिकाबाट संचालन गरिने पुष्प खेती अनुदान कार्यक्रमको लागि प्रस्ताव माग गर्ने सम्बन्धी सूचना

सूचना ! सूचना !! सूचना !!!

(प्रथम पटक प्रकाशित मितिः .............)

यस तिलोत्तमा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, रुपन्देहीले आ.ब ०७५।७६ मा संचालन गर्नुपर्ने स्वीकृत नगर विकास योजना अन्तरगत तपशील बमोजिमका कृयाकलापमा पुष्प खेती अनुदान प्रदान गर्न लागेको हुनाले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तोकीएको ढाँचामा प्रस्ताव पेश गर्नुहुन सबै नगरवासी कृषकहरुमा अनुरोध गरिन्छ ।

<u>तपशील</u>

१)

२)

३)

**आवश्यक कागजातहरुः**

१) रु १० को हुलाक टिकट टाँस भएको तोकीएको ढाँचामा निवेदन ।

२) कृषि कम्पनी. कृषि नीजि फार्म, कृषि सहकारी, कृषि समूह, जल उपभोक्ता समिति, टोल विकास समितिको हकमा नविकरण सहितको दर्ता प्रमाण पत्र ।

३) कृषि सहकारी, कृषि समूह, जल उपभोक्ता समिति, टोल विकास समितिको हकमा पुष्प खेती कार्यक्रम माग गर्ने निर्णय गरिएको बैठक माईनुटको छाँयाप्रति ।

४) नीजि उद्योग, सहकारी तथा कम्पनीको हकमा लाभग्राही प्रतिनिधिको नागरिकताको छाँयाप्रति साथै संस्थाको करचुक्ताको प्रमाण पत्र ।

५) वडा कार्यालय र वडा स्तरीय कृषि विकास संजालको सिफारिस पत्र ।

# अनुसूची (२)
## दफा ५ को (घ) सँग सम्बन्धित
## प्रस्ताव माग गर्ने प्रयोजनको लागि प्रस्ताव ढाँचा

१. **पृष्ठभूमिः**

पुष्प खेती संचालन गरिने स्थल तिलोत्तमा नगरपालिका वडा नं.......मा अवस्थित रहनेछ र यसको नाम.........................हुनेछ । यस आयोजनाले समेटेको भौगोलिक क्षेत्रफल.........हेक्टर हुनेछ । यस आयोजनाबाट प्रमुख रुपमा.........................................................................................बालीहरुको व्यवसायिक खेती हुने अपेक्षा गरिएको छ ।

२. **कार्यक्रमको उद्येश्यः**

यस कार्यक्रमको उद्येश्यहरु देहाय बमोजिम रहनेछन्

क) पुष्पजन्य बालीको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने ।

ख) बर्षैभरी व्यवस्थित तरिकाले फूल फूलाई नगरको माग पूरा गर्दै आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्ने ।

ग) बाली सघनता बृद्धि गर्नु ।

घ) पुष्प तथा पुष्पजन्य व्यवसायमा आधारित रोजगारीका अवसरहरुको विकास तथा विस्तार गर्नु ।

ङ) अन्य भए ...................................................................................................

३. **अनुमानित लगानी रकमः**

| क सं | कृयाकलापहरु | कृषकको लगानी | कार्यालयको लगानी | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

४. **अपेक्षित उपलब्धिः**

| क सं | सूचकहरु | बर्तमान अवस्था | कार्यक्रम पश्चात | अपेक्षित बृद्धि प्रतिशतमा |
|---|---|---|---|---|
| १ | लाभान्वित घरधुरी | | | |
| २ | बाली सघनता | | | |
| ३ | पुष्प जन्य बस्तु उत्पादन | | | |
| ४ | रोजगारी सृजना | | | |
| ५ | आम्दानी बृद्धि | | | |
| ६ | आत्मनिर्भरताको अवस्था | | | |
| ७ | निर्यात प्रवर्दन | राम्रो | एकदम राम्रो | २० प्र बृद्धि |

**निवेदकको नामथर र ठेगानाः**
**संस्थाको नामः**
**हस्ताक्षरः**
**फोन नं.:**

## अनुसूची (३)
## दफा ८ को उपदफा (छ) सँग सम्बन्धित
## दुई पक्षीय सम्झौता पत्र

तिलोत्तमा नगरपालिकाबाट आ ब २०..।... मा संचालन गरिने स्वीकृत नगर विकास योजना अन्तरगत पुष्प खेती अनुदान कार्यक्रमको लागी तिलोत्तमा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, मणीग्राम, रुपन्देही (यस पछि प्रथम पक्ष भनिने) र .......................कृषक/कृषक समूह/सहकारी /उपभोक्ता समिति/टोल विकास समितिका प्रतिनिधि श्री.................................. (यस पछि दोस्रो पक्ष भनिने) बीच तपशीलको बुदाँहरुमा रही कार्यक्रम सफल रुपले संचालनार्थ यो सम्झौता गरिएको हो ।

१. पहिलो पक्षले कार्यक्रम संचालनको लागि दोस्रो पक्षलाई प्राविधिक सहजिकरण गर्नुपर्नेछ ।
२. दोस्रो पक्षले निर्माण कार्य सुरु गरेदेखि सम्पन्न गरुन्जेल प्रथम पक्षसँग समन्वय तथा सहकार्य गर्नुपर्नेछ ।
३. दोस्रो पक्षले कार्य सुचारु गरि सामाग्री खरिद गरेपश्चात सामाग्रीको बील भरपाईं पेश गरेमा बढीमा पचास प्रतिशतले हुन आउने रकम पेश्की स्वरुप माग गर्न सक्नेछ ।
४. कार्य सम्पन्न पश्चात कूल लागतको बढीमा ७५ प्रतिशत रकम (वा बढीमा रु...................) भुक्तानीको लागि दोस्रो पक्षले प्रथम पक्ष समक्ष आवश्यक बील भरपाईं सहित निवेदन पेश गर्नुपर्नेछ । प्रथम पक्षले पुँजीगत अनुदान खर्चबाट ५ प्रतिशत कन्टिन्जेन्सी कटाएर बाँकी रकम भुक्तानी दिनेछ ।
५. प्रथम पक्षले दोस्रो पक्ष समक्ष निवेदन पेश भएपश्चात अनुगमन गर्नुपर्ने भएमा अनुगमन समेत गरि समयमानै भुक्तानी दिनुपर्नेछ । समयमा भुक्तानी हुन नसकेमा सो को कारण खुलाई दोस्रो पक्षलाई जानकारी दिनुपर्नेछ ।
६. प्रथम पक्षले दोस्रो पक्षको सिफारिसमा सकेसम्म सम्बन्धित आपूर्तीकर्ताको खातामा रकम जम्मा गर्नुपर्नेछ । यसरी आपूर्तीकर्ताको खातामा रकम जम्मा गर्दा कर विजकको १.५ प्रतिशत रकम अग्रिम आयकरको रुपमा कट्टी गरिनेछ ।

७. कम्तिमा चार बर्ष सम्मको नियमित रेखदेख, मर्मत-संहार तथा संरक्षण गर्ने जिम्मा दोस्रो पक्षको हुनेछ र प्रथम पक्षले नियमित रुपले अनुगमन कार्य गर्नेछ । यदि अनियमितता गरेको पाईएमा कानून बमोजिम कारवाही हुनेछ ।

८. अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**दोस्रो पक्ष**
नामथरः
ठेगानाः
फोन नंः

**प्रथम पक्ष**
नामथरः
पदः
कार्यालयको नामः

**रोहवरः**
नामः
पदः
कार्यालयको नामः

मिति २०७..........साल ........महिना..............गते रोज ...............शुभम् ।

**प्रमाणीकरण मितिः २०७५/९/११**

**आज्ञाले**
**(कृष्णप्रसाद सापकोटा)**
**प्रमुख प्रशासकीय अधिकृत**